# जाजरकोटमा जन्ती सवार गाडी दुर्घटना, ११ जनाको मृत्यु



PRABIN BK

१२ डिसेम्बर २०२२

जाजरकोटको छेडागाड नगरपालिका एउटा जीप दुर्घटनाग्रस्त हुँदा ११ जनाको मृत्यु भएको छ।

जिल्ला प्रहरी कार्यालय जाजरकोटका अनुसार दुर्घटना हुँदा ९ जनाको घटनास्थलमै र २ जनाको उपचारका लागि अस्पतालतर्फ लैजादै गर्दा मृत्यु भएको हो।

उक्त जीपमा सवार एकजना गम्भीर घाइते भएका छन् र उनलाई उपचारका लागि सुर्खेत पठाएको त्यहाँका निमित्त प्रमुख जिल्ला अधिकारी जनकप्रसाद भण्डारीले जानकारी दिए।

“जीप दैलेखबाट विवाहको निम्ति जाजरकोट आएको बुझिएको छ। दुर्घटनामा परी घाइते भएकालाई उपचारका निम्ति सुर्खेत पुऱ्याइएको छ,” भण्डारीले बीबीसीसँग भने।

उनका अनुसार विवाहको जन्ती सवार उक्त जीपमा १२ जना सवार थिए।

गाडी साँझ ५:३० बजेतिर भिरबाट तल खसेको थियो।

मध्यपहाडी सडकखण्ड अन्तर्गत जाजरकोटको छेडागाड नगरपालिका वडा न ४ र ५ को बीचमा पर्ने भीरबाटीमा दुर्घटना भएको हो।

कर्णाली प्रदेशका प्रहरी प्रमुख डिआइजी पोषराज पोखरेलका अनुसार जीप करिब २५० मिटर तल खसेको थियो।

“जन्ती गएका मानिस बिरामी परेपछि वडाबन स्वास्थ्यचौकी लैजाने क्रममा गाडी दुर्घटनामा परेको हो,” पोखरेलले भने।

तीव्र गतिका कारण दुर्घटना भएको हुनसक्ने प्रारम्भिक अनुमान छ।


## सम्बन्धित सामग्री

सडक सुरक्षा
कर्णाली प्रदेश

## मुख्य समाचार

**पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खानको घरमा प्रहरी प्रवेश, उनी अदालतमा 'उपस्थित'**
२ घण्टा पहिले

**के रुसी राष्ट्रपति पुटिन वास्तवमै पक्राउ पर्न सक्छन् ?**

६ घण्टा पहिले

**यी हुन् विश्वकप क्वालिफायरका लागि नेपाली क्रिकेट टोलीले गर्नुपर्ने पूर्वतयारी**

३ घण्टा पहिले

## अनि यो पनि



पशुपतिनाथको ढोकैबाट दानपात्र चोरिएको घटनामा छानबिन समितिले गर्‍यो यस्तो शङ्का

१७ मार्च २०२३



अमेरिकासँग २२० क्रूज क्षेप्यास्त्र किन्दै अस्ट्रेलिया, चीनको प्रभाव कम गर्न कति आवश्यक?

१७ मार्च २०२३



ककपिटमा कफीको कप फेला परेपछि भारतमा पाइलटलाई उडाउनमा रोक

१६ मार्च २०२३



नेपाली राष्ट्रिय क्रिकेटमा पछिल्लो सफलताको मन्त्र के हो?

१६ मार्च २०२३



अब विदेश जानेलाई दुई वर्षभन्दा बढी समयको श्रम स्वीकृति

१७ मार्च २०२३



'मलमा अनुदान कटौतीको असर महिनौँपछि मात्र', तर बजारमा मूल्य 'दोबर'

१६ मार्च २०२३



विश्वासको मतपछि प्रधानमन्त्रीमा ‘आलोपालो-सम्झौता’

१५ मार्च २०२३

बिहीवार नेपालले यूएईसँग जिते, हारे वा बराबरी खेले के हुन्छ?

१५ मार्च २०२३

## धेरै पढिएको

१ यी हुन् विश्वकप क्वालिफायरका लागि नेपाली क्रिकेट टोलीले गर्नुपर्ने पूर्वतयारी

२ नेपाल र यूएईबीच खेलको अन्तिम अवस्थामा उत्पन्न भएको नाटकीय परिस्थिति खासमा के थियो?

३ के रुसी राष्ट्रपति पुटिन वास्तवमै पक्राउ पर्न सक्छन् ?

४ **भारतीय यूट्यूबरद्वारा प्रहरीसमक्ष आत्मसमर्पण, नेपाली कामदारलाई उनको भिडिओले कस्तो प्रभाव पारेको थियो?**

५ **पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खानको घरमा प्रहरी प्रवेश, उनी अदालतमा 'उपस्थित'**




© 2023 बीबीसी। अन्य वेबसाइटका सामग्रीहरूका लागि बीबीसी जिम्मेवार छैन। **बाह्य वेबसाइटको लिङ्क प्रयोग सम्बन्धमा हाम्रो नीति पढ्नुहोस्।**